**माछापुच्छ्रे गाउँपालिका**

# स्थानीय राजपत्र

खण्ड : ०४ संख्या : ०६ मिति : २०७७।०८।२२

भाग २

माछापुच्छ्रे गाउँपालिका

## छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि, २०७७

**सम्बत् २०७७ सालको कार्यविधि नं. ४**

# छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

माछापुच्छे गाउँपालिका अन्तर्गतका विद्यार्थीहरुले विद्यालय शिक्षा र प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसुची ८ को तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज(१६) मा रहेको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धि कार्यक्षेत्रलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम माछापुच्छे गाउँकार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

**गाउँ कार्यपालिकाको मिति २०७७ मंसिर २१ गतेको बैठकबाट स्वीकृत ।**

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "छात्रवृत्ति कोष (संचालन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले माछापुच्छे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले माछापुच्छे गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको छात्रवृत्ति कोष संझनु पर्दछ ।

(घ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको रुपमा प्रारम्भिक वाल शिक्षा देखि कक्षा १२ सम्म अनुमति प्राप्त विद्यालयलाई र उच्च शिक्षा प्रदान गर्ने उच्च शिक्षा शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय र प्राविधिक शिक्षालय समेतलाई जनाउँछ ।

(ङ) "उच्च शिक्षा" भन्नाले विश्वविद्यालयबाट प्रदान गरिने शिक्षा सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले नियम ८ बमोजिमको छात्रवृत्ति संचालन समिति सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति" भन्नाले यसै कार्यविधीले तोकेका आधारमा छनौट भएका विद्यार्थीहरुलाई विद्यालय र विश्वविद्यालयमा निःशुल्क अध्ययन गर्नका लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

## परिच्छेद ३
## कोषको स्थापना

**३. कोषको स्थापना :** (१) छात्रवृत्ति कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन:

(क) माछापुच्छे गाउँपालिका बाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ।

(४) कोषमा रकम जम्मा गर्ने : विद्याधीहरुको/वालवालिकाको हक हीतको रक्षणका लागि छात्रवृत्ति प्रदान गर्नका लागि गाउँपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) कोषको उपयोग: कोषको रकम यस कार्यविधिले तोके बमोजिमका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गर्न उपयोग गरिनेछ ।

(६) कोषको रकम अन्य काममा प्रयोग गर्न नसकिने: कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन। तर सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम गर्न सकिनेछ ।

(७) कार्यालयलाई रकम उपलब्ध गराउने: विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट विद्यार्थीको नाममा रकम निकाशा दिनेछ ।

(८) छुट्टै खाता खोल्नु पर्ने गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।सो खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(९) कोषको लेखा र लेखा परिक्षण: कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ साथै कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद- ४
## छात्रवृत्ति कोष (सञ्चालक) समिति

**४. छात्रवृत्ति कोष (सञ्चालक) समितिको गठन :** (१) गाउँपालिकामा एउटा छात्रवृत्ति कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) माछापुच्छ्रे गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको महिला वा दलित वा जनजाति गाँउसभा सदस्य मध्ये एक जना - सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये समितिद्वारा मनोनित एक जना - सदस्य

(च) शिक्षण संस्थाहरुमध्येबाट समितिले तोकेको प्रमुख वा प्रधानाध्यापक मध्ये एक जना - सदस्य

(छ) कार्यपालिकाबाट मनोनित शिक्षाविद् कम्तीमा एक जना महिला सहित दुइ जना - सदस्य

(ज) गाउँ शिक्षा अधिकृत - सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षण संस्थाले शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र भर्ना भएका जम्मा विद्यार्थी संख्या, सो को हुन आउने छात्रवृत्तिको कोटा निर्धारण, सुचना प्रकासन र छात्रवृत्ति वितरण समेत गरी सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने ।

(ख) माछापुच्छ्रे गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयले प्रदान गर्ने छात्रवृत्ति विद्यार्थीहरुले पाए नपाएको अनुगमन तथा व्यवस्थापन गर्ने ।

(ग) विद्यालयहरुले प्रदान गरेको छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने, विद्यालय छात्रवृत्ति वितरण समितिले विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गरेको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रुपमा समस्याको टुंगो लगाउने ।

(घ) विद्यालय कार्य प्रगति प्रतिवेदन माग गरि छात्रवृत्ति उपलब्धताको स्थिति विश्लेषण गर्ने ।

(ङ) छात्रवृत्ति कोष संचालन सम्बन्धी नीति तर्जुका लागि गाउँपालिका समक्ष सुझाव पेश गर्ने ।

(७) समितिको वैठक सम्बन्धि व्यवस्थाः समितिको वैठक आवस्यकता अनुसार

बस्नेछ । बैठक सम्बन्धि कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद-५
## छात्रवृत्ति छनौट

**५.१ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया :**

(क) सबै विद्यालयले शैक्षिक सत्र सुरु भएको एक महिना भित्र सार्वजनिक सुचना प्रकाशित गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी आवेदन लिंदा विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्न लगाउनु पर्नेछ ।

(ख) समितिले यसरी प्राप्त आवेदनहरु छानविन गरी आवेदनहरुको सूचि प्रकाशन गरी तोकिएको आरक्षणको परिधिमा रहि योग्यताक्रम कायम ग्री नतिजा प्रकासन गर्नु पर्नेछ ।

(ग) निवेदन साथ अनुसूची १ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(घ) समितिले आवश्यक प्रक्रिया अपनाई छात्रवृत्तिको लागि छनौट गर्नेछ ।

**५.२ छात्रवृत्ति नपाउने अवस्था :** कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैन ।

(क) जम्मा विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिरी नभएमा ।

(ख) कक्षा उर्तिण गर्न नसकेमा वा कुनै दुई भन्दा बढी विषयमा निर्धारीत न्युनतम आवश्यक ग्रेड प्राप्त गर्न नसकेमा ।

(ग) गलत वा झुट्टा विवरण भरेको प्रमाणित भएमा ।

(घ) प्रचलित कानुन र विद्यालयले तयार गरेको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा ।

**५.३** समितिले छात्रवृत्ति वितरण गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पहिलो प्राथमिकता दिनु पर्ने छ ।

**५.४** कक्षा प्रथम, द्वितीय र तृतिय भए वापत पाएको जेहेन्दार छात्रवृत्तिको हकमा छात्रवृत्ति दिईएको मानिने छैन ।

## परिच्छेद-६
## आरक्षण सम्बन्धी व्यवस्था

**६.१ आरक्षण सम्बन्धि व्यवस्था :**

६.१.१ अतिविपन्न, अपाङ्ग, विपन्नमहिला, जनआन्दोलनका घाइते, बेपत्ता तथा शहिद परिवारका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिस्चित गर्ने आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छः

(क) विद्यालयले परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कुल दश प्रतिशत छात्रवृत्तिलाई शतप्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्ने पर्नेछ।

(अ) जनआन्दोलन घाईत परिवारः २० प्रतिशत

(आ) गरिव तथा विपन्नः २० प्रतिशत

(इ) शहिद परिवारः २० प्रतिशत

(ई) वेपत्ता परिवारः १० प्रतिशत

(उ) अपाङ्गताः ५ प्रतिशत

(ए) महिलाः २५

(ख) यसरी छुटाइएको प्रत्येक आरक्षि समुहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नुपर्ने छ, यदि छात्राहरुको कोटा पुर्ति हुन नसकेमा सो कोटामा छात्रलाई प्रदान गर्न सकिनेछ।

(ग) माथी उल्लेखित आरक्षण गरिएको कोटा अन्तर्गत विद्यार्थीले कुनै एक कोटामा मात्र आवेदन दिन पाईने छ।

(घ) आरक्षित गरिएको कोटा अन्तर्गत विद्यार्थीको आवश्यक आवेदन नपरेमा सो कोटाको छात्रवृत्ति अन्य कोटा अन्तर्गत दिनुपर्नेछ।

## परिच्छेद-७
## विविध

**७. विविध :** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउने छात्रवृत्ति सोहि निदेशिका बमोजिम हुने छ।

(२) पुनरावेदन दिन सकिनेः विद्यालय छात्रवृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिन भित्र गाउँपालिका स्तरीय छात्रवृत्ति कोष संचालन समिति समक्ष पुनरावेदन दिन सक्नेछ।

(३) बैठक भत्ताः छात्रवृत्ति कोष संचालन समिति, छात्रवृत्ति वितरण समिति तथा सो अन्तर्गत बनेका उपसमितिका सदस्य, आमन्त्रित सदस्य तथा सो कामकाजको लागि खटिएका कर्मचारीले समितिले तोकिए बमोजिमको बैठक भत्ता र सुविधा पाउनेछन्।

(४) अधिकार प्रत्यायोजनः समितिले आफुलाई प्राप्त अधिकारीहरु मध्ये केहि अधिकार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(५) कार्यविधि संसोधनः यस कार्यविधिमा गाउँपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

(६) निर्देशन दिन सक्नेः कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

## अनुसुची- १
## (आवेदन साथ पेश गर्न पर्ने कागजात विवरण)

१. अघिल्लो कक्षा उर्तिण गरेको लब्धांकपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।
२. जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि ।
३. वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइतेको हकमा मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि ।
४. विपन्नता वा गरिवीको हकमा गरिवीको परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहको व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।
५. विद्यार्थी स्थायी रुपमा बसोवास गर्दै आएको वडा कार्यालयको सिफारीस पत्र ।

आज्ञाले,
कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की